# हेलम्बु गाउँपालिकाको आ.व २०८२/८३ को निति तथा कार्यक्रम





स्थानीय सरकार
हेलम्बु गाउँपालिका
༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྐྱི་ལས་ཁུངས། །
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक

# हेलम्बु गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष एवम् यस गाउँपालिकाका आर्थिक विकास समितिका संयोजक श्री दावा ग्याल्जेन लामाले गाउँ सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

यस सभाका सभाध्यक्षज्यू, गाउँपालिका उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुख ज्यूहरु लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, सुरक्षाकर्मी, पत्रकार तथा उपस्थित महानुभावहरु ।

हेलम्बु गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकद्धारा स्वीकृत आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु ।

हेलम्बु गाउँपालिकालाई सार्वजनिक सेवामा जनताको सहज पहुँच पुऱ्याई, कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्दै दिगो पूर्वाधारको निर्माण गरी सबैका लागि अनिवार्य, निःशुल्क, प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षाको विकास गरी सबै हेलम्बुबासीहरुको सहज र गुणस्तरीय स्वास्थ्यको सुनिश्चित गर्दै समृद्ध हेलम्बु र सुखी हेलम्बुबासीको महान सोच पूरा गरी हेलम्बु गाउँपालिकाको अभियान, नमूना गाउँपालिकाको निर्माणमा गाउँपालिका केन्द्रित रहेको छ । गुणस्तरिय जनशक्तिको निर्माण गर्दै विविध क्षेत्रमा रोजगारी सिर्जना गर्दै हरेक क्षेत्रमा स्वतन्त्र र आत्मनिर्भर समृद्ध गाउँपालिका बनाउने लक्ष्य लिएका छौं । उक्त लक्ष्यलाई प्राप्त गर्न आर्थिक वर्ष २०८२/८३ का लागि वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

**गाउँ सभाका अध्यक्ष ज्यू,**

गाउँ सभाका सदस्य ज्यूहरु।

**१. पृष्ठभूमि :**

सिन्धुपाल्चोक जिल्लाको उत्तर पश्चिम भेगमा अवस्थित यस हेलम्बु गाउँपालिका साविकको महाँकाल, इचोक, पाल्चोक, किउल र हेलम्बु गरी ५ वटा गा.वि.स. मिलाएर हेलम्बु गाउँपालिका गठन भएको हो । यस गाउँपालिकाको अधिकांश भू–भाग पहाड र सुन्दर डाँडापाखाले भरिएको छ भने यस गाउँपालिकाको क्षेत्रफल २८७.२६ वर्ग कि.मी रहेको छ । २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १७,४९७ रहेको छ । यस गाउँपालिकाको पूर्वमा पाँचपोखरी थाङपाल

गाउँपालिका, पश्चिममा नुवाकोटको दुप्चेश्वर गाउँपालिका र रसुवा जिल्ला, उत्तरमा पाँचपोखरी थाङपाल गाउँपालिका र रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका र दक्षिणमा मेलम्ची नगरपालिका रहेको छ । साथै यस गाउँपालिका समुन्द्र सतहबाट करिब ९०० मिटर उचाई देखि ६००० मिटरको उच्च भू–भागमा पर्दछ । हेलम्बु गाउँपालिका सुन्दर शान्त रमणीय जुगल हिमालको सन्निकट आमायाङ्ग्रीको काखमा अवस्थित रहेको छ । माथिल्लो भू–भागमा ह्योल्मो, तामाङ, गुरुङ लगायतका आदिवासी जनजाति र दलित समुदायहरुको बाहुल्यता रहेको र तल्लो बेसी भू–भागमा विशेष गरी खस, आर्य, नेवार र केही दशनामी र दलित समुदायको बसोबास रहेको छ ।

आमायाङ्ग्री, छ्यादिज्यो, मेलम्चीघ्याङ, तार्केघ्याङ, सेर्माथाङ, गुरु–रिन्पोन्छे, मिलारेपा, ककनी, कुटुम्साङ, गोल्फु भञ्ज्याङ, च्योमथली, घोप्टेघ्याङ (सेमेराङ्ग), थालागाङ, पाल्चोकी माई लगायतका महत्वपूर्ण स्थल, गुम्बा, माने, मन्दिर आदिको अवलोकन गर्दा त्यहाँ पुग्ने जो कोहीको मनै लोभ्याउने हुन्छ । यहाँका विभिन्न समुदायको अतिथि सत्कार, विशेष प्रकारको संस्कृति परम्परा आकर्षक प्राकृतिक सौन्दर्यता, स्वच्छ वातावरण र पर्यटकीय दृष्टिकोणले गर्दा यस क्षेत्र महत्वपूर्ण रही आएको छ ।

## २. वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि अपनाईएको पद्धति

सात चरणको सहभागितामूलक गाउँपालिकाको योजना तर्जुमा पद्धति तथा लोकतान्त्रिक गणतन्त्रात्मक संघीयताको मर्म अनुरुप सार्वभौमसत्ता सम्पन्न नागरिकको शासन प्रक्रियामा आधिकारिक रुपमा सहभागिता गराई विकेन्द्रिकरणको माध्यमबाट आफ्नो विकास आफै गर्न आन्तरिक स्रोत साधनको पहिचान र परिचालन गरी प्रत्येक गाउँ, टोल, बस्ती, वडास्तरीय भेला गराई विभिन्न स्थानीयवासी, बुद्धिजीवी, राजनीतिक दलहरु, विभिन्न संघ-संस्था लगायत सम्पूर्ण सरोकारवाला निकायहरुसँगको सल्लाह सुझावको आधारमा योजना तर्जुमा समिति, एकिकृत योजना तर्जुमा समिति हुँदै समुदायको भावना र चाहना अनुरुप योजना तथा कार्यक्रमहरुलाई प्राथमिकिकरण गर्दै कार्यान्वयनका लागि गाउँपालिकाको योजना तथा कार्यक्रममा समावेश गरिएको छ।

स्थानीय बासिन्दाको प्रत्यक्ष संलग्नता र सहयोगमा स्थानीय सरकारका प्रतिनिधीहरुले आवश्यक योजना पहिचान, प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाएका कारण योजना प्रति उपभोक्ताको अपनत्वको भावना विकास भई योजनाले दिगोपन समेत हासिल गर्न सक्ने भएकोले यसै प्रक्रियामार्फत नै सम्वृद्ध र देशकै नमुना गाउँपालिकाको रुपमा परिचित बनाउन सफल हुनेछौ भन्ने आशा राखिएको छ । यसबाट हामी सबै हेलम्बुबासीहरुमा गौरान्वित भएको महशुस भएको छ । यस महान कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधी,

कर्मचारी, बुद्धिजिवी, राजनैतिक दल लगायत सम्पूर्ण हेलम्बुबासीहरुलाई हृदय देखि धन्यवाद दिदैँ आगामी दिनहरुमा पनि यस्तै खालको साथ र सहयोगको अपेक्षा राखिएको छ ।

**३. आयोजना प्राथमिकीकरणका क्षेत्रहरुः**

नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट निर्देशित योजनाका प्राथमिकीकरणका आधार अनुरुप तयार गरी योजना तर्जुमा गरिएको छ ।

- अनिवार्य तथा नि:शुल्क गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, शैक्षिक विकास तथा साक्षरता वृद्धि कार्यक्रम
- गुणस्तरीय स्वास्थ्य सेवा कार्यक्रम
- पर्यटन प्रर्वद्धन तथा कला संस्कृतिक संरक्षण कार्यक्रम
- कृषि सडक तथा पर्यटन मार्गको स्तरोन्नती कार्यक्रम
- कृषि उत्पादकत्व र बजारीकरण बढाउने कार्यक्रम
- भौतिक पूर्वाधार क्षेत्र सुधार कार्यक्रम
- स्थानीयस्तरमा आर्थिक विकासको लागि सिपमूलक तथा रोजगार प्रर्वद्धन कार्यक्रम
- स्थानीय स्रोत-साधन तथा जनशक्ति परिचालन
- सामाजिक, राजनैतिक तथा आर्थिक हिसाबले पिछडिएको दलित, जनजाति, महिलाहरुलाई आयमूलक तथा सिपमूलक कार्यक्रम
- जलस्रोत, व्यापार व्यवसाय सुधार कार्यक्रम
- गैह्र सरकारी संस्थासँग समन्वय साझेदारी

**४. आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

**सोचः** "*हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण*" भन्ने संकल्प राखिएको छ।

**लक्ष्यः**

यस हेलम्बु गाउँपालिकामा आगामी वर्षहरुमा शिक्षा, स्वास्थ्य साथै भौतिक पूर्वाधार, कृषि, सडक, रोजगारको क्षेत्रलाई प्राथमिकतामा राखी यस गाउँपालिकाको समय सापेक्ष शैक्षिक सुधार, स्वास्थ्य

सुरक्षा, पर्यटन प्रर्वद्धन, रोजगारी सिर्जना र आयआर्जनमा वृद्धि गर्दै हेलम्बुलाई समृद्ध र समुन्नत बनाइने छ।

**५. उद्देश्यः**

- सबै नागरिकलाई स्वास्थ्य सेवामा सरल पहुँच बनाउनुका साथै स्वास्थ्य उपचारलाई निःशुल्क बनाउन विभिन्न कार्य गर्ने।
- हेलम्बु गाउँपालिकाको शिक्षालाई समय सापेक्ष, विश्व बजारको माग अनुसारको प्राविधिक र सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिँदै शिक्षालाई गुणस्तरिय र निःशुल्क बनाइने।
- हेलम्बु हिमालयन ग्रेट ट्रेल लगायत पर्यटकीय स्थलहरुको विकास र प्रवद्धन गरिनेछ।
- जलवायु परिवर्तन अनुकुलन, न्यूनिकरण र विपद् व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।
- Paperless Government/E-Governance को अवधारणा अनुरुप डिजिटल सेवा प्रवाह गर्ने कार्य पूर्ण कार्यान्वयन गर्ने।
- दुध तथा तरकारीमा आत्मनिर्भर बनाई निकासी गर्ने।
- हेलम्बु गाउँपालिका भित्रका मूल सडक, वैकल्पिक सडक र एक वडा एक सडकलाई कालोपत्रे गर्ने।
- स्थानीयस्तरमा सिपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउने।
- गाउँपालिकालाई खेलकुद हवको रुपमा विकास गरी साहसिक तथा High Altitude खेलमैदान र कवड हल निर्माण तथा खेलाडीहरुलाई तालिमको व्यवस्था गर्ने।

**६. अपेक्षित उपलब्धी :**

यस हेलम्बु गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमको जुन उद्देश्य राखी तयार गरिएको छ, त्यसलाई सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहकार्यबाट हासिल गर्न अधिकतम पहल गरिएको छ ।

**७. वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख आधारहरु :**

- नेपालको मौजुदा संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- १६ औं आवधिक योजना
- गाउँपालिकाको आवधिक योजना
- हेलम्बु गाउँपालिकाको स्थानीय अनुकूलनसहितको एकिकृत कार्ययोजना
- जनसंख्या र भौगोलिक बनावट

- टोल वस्तीस्तरबाट आएका मागहरु
- वडास्तरबाट माग भई आएका कार्यक्रमहरु
- विषयगत समितिबाट सिफारिस भई आएका कार्यक्रमहरु
- जनगणनाको तथ्याङ्क, २०७८
- विभिन्न क्षेत्रबाट प्राप्त सुझावहरु।

**८. बजेट तर्जुमाका आर्थिक आधारहरु :**

- सङ्घीय सरकारबाट विनियोजित रकम
- प्रदेश सरकारबाट प्राप्त हुने रकम
- राजश्व बाँडफाडबाट प्राप्त हुने रकम
- आन्तरिक स्रोतमार्फत संकलन हुने रकम
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्था, गैर सरकारी संघ-संस्थाबाट प्राप्त हुने सहयोग

**९. प्रमुख नीति तथा कार्यक्रमहरु :**

हेलम्बु गाउँपालिकाको गाउँ सभामा आर्थिक वर्ष २०८२/०८३ को लक्ष्य, उद्देश्य, नीति एवम् रणनीतिहरुलाई मध्यनजर गरी नीति तथा कार्यक्रम तयार गरिएको छ । योजनावद्ध विकास नै दिगो विकासको मुलभूत आधार भन्ने सैद्धान्तिक मान्यता अनुरुप आगामी आर्थिक वर्षका लागि गाउँपालिकाको प्रमुख नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

१. **हेलम्बुबासीको साझेदारीमा पाँच लाखको नि:शुल्क स्वास्थ्य उपचार :** हेलम्बुबासी नागरिकको स्वास्थ्य उपचारमा टेवा पुर्याउनु गाउँपालिकाको प्रमुख दायित्व हो । हेलम्बु सरकार आफ्ना नागरिकको स्वास्थ्य प्रति जिम्मेवार हुँदै दिर्घरोगीलाई निःशुल्क औषधी वितरण, निःशुल्क एम्वुलेन्स सेवा, सुत्केरीलाई घर-घरमै स्वास्थ्य उपचार तथा पोषण कार्यक्रम सञ्चालन गर्दै आईरहेकोमा सो कार्यक्रमलाई यस आर्थिक वर्ष पनि निरन्तरता दिएको छ । साथै हेलम्बु गाउँपालिकामा कुनै जटिल रोग लागेमा आफ्नो सम्पूर्ण सम्पत्ती उपचारमा लगाउँदा समेत उपचार हुन नसक्ने अवस्थालाई मध्यनजर गरी आगामी आर्थिक वर्ष देखि हेलम्बु गाउँपालिका भित्रको प्रत्येक नागरिकहरुको लागत साझेदारी हुने गरी गाउँपालिकले सोको लागि कार्यविधि निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेकोले उक्त कार्यविधिमा तोकिए बमोजिम स्वास्थ्य उपचार खर्चवापत प्रति व्यक्तिलाई रु पाँच लाखसम्मको स्वास्थ्य उपचार खर्च प्रदान गर्ने व्यवस्था गरिनेछ । यो कार्यक्रममा सहभागी हुन सम्पूर्ण हेलम्बुबासीहरुलाई पहल गरिनेछ । हाललाई रु १ करोड २० लाख बजेटको व्यवस्था गरिएको छ ।

२. **दिर्घरोगीको साथमा हेलम्बु गाउँपालिका:** विगतका वर्षदेखि दिर्घरोगीहरुलाई नि:शुल्क रुपमा उनीहरुले सेवन गरिरहेको औषधी उपचारवापतको खर्च उपलब्ध गराईएकोमा यस कार्यबाट दिर्घरोगीहरुलाई ठूलो राहत भएको महशुस भएको छ । उक्त कार्यक्रमको प्रभावकारितालाई महसुस गरी निरन्तरता गर्दै दिर्घरोगीहरुले औषधी उपचारवापतको खर्च माग गर्दा निजको घरमा बाल विवाह नभएको स्वघोषणा, पालिकालाई तिर्नुपर्ने सबै प्रकारका करहरु चुक्ता गरिएको, सरकारी अस्पतालबाट जारी भएको सिफारिस, हेलम्बु गाउँपालिका भित्रको मातदाता परिचय-पत्र भएको हुनुपर्ने व्यवस्था गरी कार्यविधि तयार गरेर त्यसलाई आगामी आर्थिक वर्षदेखि नै लागु गरिने छ । साथै लागत साझेदारी कोषमा आबद्वता गरेर दिर्घरोगीलाई सोही कोषबाट खर्च व्यहोर्ने गरी सो कोष सञ्चालन नभएसम्मका लागि हालकै व्यवस्था अनुसार दिर्घरोगीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराइने छ । यसको लागि १ करोड ५० लाख बजेट व्यवस्था गरिएको छ।

३. **हेलम्बु गाउँपालिकाको एकीकृत नमूना कृषि तथा पशुपन्छिपालन कार्यक्रम :** देशको अर्थतन्त्रको मूल आधारका रुपमा रहेको कृषि क्षेत्रलाई मध्यनजर गर्दै हेलम्बु गाउँपालिकालाई कृषि तथा पशुपन्छिमा आत्मनिर्भर बनाउदै कृषि तथा पशुपन्छिपालन क्षेत्रमा व्यापक सुधार गरी आधुनिक तथा व्यावसायिक कृषि र पशुपन्छि विकासमा युवा तथा कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी स्वदेशमै स्वरोजगार सृजना गरेर एकीकृत नमूना कृषि तथा पशुपन्छि फर्मको रुपमा विकास गर्ने र उत्पादित कृषि तथा पशुजन्य उत्पादनहरुलाई बजारीकरणमार्फत् आन्तरिक आयस्रोतको विकास गर्ने उद्धेश्यका साथ आगामी आर्थिक वर्षमा हेलम्बु गाउँपालिकाको एकीकृत नमूना कृषि तथा पशुपन्छिपालन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिने छ । यसका लागि कार्य सुरुवात गर्न रु २ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ ।

४. **निःशुल्क एम्बुलेन्स सेवा तथा थप प्रसुती पोषण खर्च:** यस गाउँपालिकाले विगत देखि सञ्चालन गर्दै आएको PNC Home Visit कार्यक्रमको प्रभावकारिता बढ्दै गई संघीय सरकारले समेत हेलम्बु गाउँपालिकाले सुरु गरेको PNC Home Visit गत आर्थिक वर्ष देखि यस कार्यक्रमलाई देशैभरि नै सञ्चालनमा ल्याएकोले यस कार्यक्रमको प्रभावकारिता महसुस भएको हुँदा मातृ तथा नवजात शिशु स्वास्थ्य सुधारका लागि नेपाल सरकारले स्वास्थ्य संस्थामा सुत्केरी हुँदा महिलाहरुलाई दिँदै आएको यातायात खर्च रु. ३,०००|– मा गाउँपालिकाको तर्फबाट प्रोत्सहान स्वरुप रु. ३,०००|– थप गरी एकमुष्ठ रु. ६,०००/- प्रसुती पोषण खर्च प्रदान गर्ने कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । साथै हेलम्बु गाउँपालिका भित्रका सम्पूर्ण बिरामीहरुलाई नि:शुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा आगामी आर्थिक वर्षमा समेत उक्त कार्यक्रमलाई निरन्तरता दिँदै लगिने छ ।

५. **स्वास्थ्य बिमा कार्यक्रमः** हेलम्बु गाउँपालिका विपद्को हिसाबले अति नै जोखिम रहेको हुँदा सो कुरालाई मध्यनजर गर्दै यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु र शिक्षकहरुको रु. ६ लाख बराबरको म्यादी स्वास्थ्य बिमाको व्यवस्था आगामी आर्थिक वर्षबाट सुरु हुने गरी व्यवस्था मिलाइनेछ ।

६. **मेलम्ची-हेलम्बु खानेपानीको २५ प्रतिशत लेवी :** हेलम्बु गाउँपालिका र सघीय सरकार खानेपानी मन्त्रालयसँग मिती २०८१/०६/२१ गते भएको सम्झौता अनुरुप हेलम्बु गाउँपालिकाको मुहानबाट काठमाडौं उपत्यकामा लगी खानेपानी बिक्री वितरण गरेवापत बिक्री मूल्यको २५ प्रतिशत गाउँपालिकालाई उपलब्ध गराउने सम्बन्धमा दुवै पक्ष बसी ३ महिना भित्र टुग्याउने भनी सहमती भएतापनि हालसम्म कुनै पनि प्रक्रिया अगाडी नबढेको हुनाले सो कार्यलाई छिटो भन्दा छिटो कानुन निर्माण गरी सहमती बमोजिम अब बर्खापश्चात काठमाडौं उपत्यकामा पानी लानु पूर्व हेलम्बु गाउँपालिकालाई २५ प्रतिशत लेवी उपलब्ध गराउनको लागि यस गाउँ सभाबाट संघीय सरकारलाई कार्यान्वयन गराउन र सो सम्झौतामा उल्लेखित सम्पूर्ण बुँदाहरुलाई अक्षरांश पालना गर्नका लागि विशेष पहल गरिने छ ।

७. **अध्यक्षसँग जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रमः** गाउँपालिका अध्यक्षसँग जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रममार्फत नसर्ने रोग, प्रशामक सेवा तथा फरक क्षमता भएका नागरिकहरुलाई कम्तीमा मासिक एक पटक जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीसहित घरभेट गरी स्वास्थ्य परीक्षण, परामर्श र उपचार सेवा उपलब्ध गराउने व्यवस्था सञ्चालन गरिने छ । साथै टोल-टोलमा स्वास्थ्यकर्मीलाई परिचालन गरी प्रत्येक महिना आमा समूहमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. **गर्भास्थामा मद्यपान र धुम्रपान निर्मूल गर्न गर्भवति आमालाई १० हजार प्रोत्साहन :** गर्भास्थामा मद्यपान र धुम्रपानका कारण कम तौल, गर्भपतन, कुपोषित, शारीरिक, मानसिक विकृत लगायतका बच्चाको जन्म हुने हुँदा सो समस्यालाई मध्यनजर गर्दै मद्यपान र धुम्रपान त्याग गरी संस्थागत सुत्केरी गरेको आमालाई महिला स्वास्थ्य स्वयमसेविकामार्फत् प्रत्यक्ष निगरानी तथा परीक्षण गरी सो समयमा गर्भवति आमाले एक दिन पनि मद्यपान र धुम्रपान सेवन नगरेको पाइएमा गाउँपालिका भित्रको वर्थिङ सेन्टर तथा गाउँपालिकाबाट सिफारिस भएका उक्त गर्भवति आमालाई नगद रु. १० हजार प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था गरिने छ । यसका लागि गाउँपालिकाले कार्यविधि तयार गरी प्रभावकारी तवरले सञ्चालन तथा व्यवस्थापन गरिने छ । साथै ६० वर्ष उमेर पूरा भएका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई नगद रु. ३० हजार सहित सम्मान गरिने छ ।

९. **सुनौलो १००० दिन पोषण विशेष कार्यक्रमः** १००० दिने पोषण विशेष कार्यक्रम अन्तर्गत बालबालिकाको बौद्धिक विकास गर्भमा ३० प्रतिशत, जन्मेको एक वर्षभित्र थप २५ प्रतिशत र

२ वर्षमा थप २५ प्रतिशत गरी ८० प्रतिशत बौद्धिक विकास भइसक्ने हुनाले सो अवधिलाई गाउँपालिकाले गर्भास्थादेखि बच्चा जन्मेको २ वर्षसम्म आफ्नो निगरानीमा राखी बौद्धिक विकासको लागि आवश्यक व्यवस्था मिलाउन विशेष पहल गरिने छ । साथै गर्भवती र सुत्केरी अवस्थामा आवश्यक पर्ने क्याल्सियम, फोलिक एसिड लगायतका अन्य पोषणयुक्त खाद्यवस्तु गाउँपालिकाले नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरिने छ । यसका लागि गाउँपालिकाले कार्यविधि तयार गरी प्रभावकारी तवरले सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

१०. **चिकित्साकिय दन्त सेवा कार्यक्रमः** हेलम्बु गाउँपालिकाका नागरिकहरुका लागि स्वास्थ्य सेवा थप विस्तारको लागि विभिन्न संघ-संस्थासँग समन्वय गरी चिकित्साकिय दन्त सेवा साझेदारीमा सञ्चालन गरिने छ । यसका साथै नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै बृहत स्वास्थ्य शिविर अन्तर्गत AI X-ray Mechine बाट सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम सञ्चालन गरी स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजानिक संस्था, निजि क्षेत्र र गैर सरकारी संस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नागरिकको पहुँच सुनिश्चित हुन, गाउँपालिका क्षेत्र भित्र चिकित्साकिय र प्रयोगशाला सेवा तथा अनुसन्धनात्मक कार्यक्रम सञ्चालन गर्न अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र ग्रामिण सामुदायिक स्वास्थ्य इकाइको स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ ।

११. **वातावरण संरक्षण तथा विपद न्यूनिकरण कोष :** हेलम्बु गाउँपालिका बहुप्रकोप जोखिमको हिसाबले उच्च रहेको पालिका हो। विपदको क्षतिलाई रोक्नको लागि समुदाय तथा पालिकाको क्षमताको विकास गर्दै पूर्वतयारी सम्बन्धि कार्यक्रमहरु, अल्पिकरण, न्यूनिकरण, नदि नियन्त्रण, ग्याविन बाल, बायोईन्जिनेरिडर, जैविक तटबन्ध आदि कार्यान्वयनका साथै विपद् प्रतिकार्यका लागि आवश्यक तयारी गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यक्रम अन्तर्गत अध्ययन अनुसन्धान, चेतना तथा क्षमता अभिवृद्धि र भौतिक निर्माणका आवश्यक कार्यहरु गरिने छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्रको प्रभावकारी सञ्चालनस् बहुप्रकोपको पूर्वतयारी र विपदको प्रतिकार्यका लागि गाउँपालिकामा स्थापित आपतकालीन सञ्चालन केन्द्रलाई स्रोत र साधनले भरिपूर्ण बनाउने व्यवस्था मिलाइनेछ । केन्द्रको प्रभावकारिताका लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । हेलम्बु गाउँपालिका बाढी तथा पहिरोको उच्च जोखिममा रहेको छ । बाढी र पहिरोको पूर्वसुचना प्रणाली विकासको चरणमा रहेको र अगामी दिनहरुमा उक्त प्रणालीलाई आपतकालीन सञ्चालन केन्द्रमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि प्राविधिक सहयोग गर्ने संघ–संस्थाहरुसँग सहकार्य गर्दै गाउँपालिकाले नेपालकै उच्च स्थानमा जलवायु सूचना मापन केन्द्र स्थापना गर्ने तर्फ जोड गरिनेछ । साथै हेलम्बु गाउँपालिकाको वातावरण ऐनलाई समेत मध्यनजर गरी यस

हेलम्बु गाउँपालिकाको प्रत्येक योजनाहरुबाट हाल ५ प्रतिशत कन्टिजेन्सीवापत कटाउदै आएकोमा सोबाट ३ प्रतिशत रकम वातावरण संरक्षण तथा विपद् न्यूनिकरण कोषमा जम्मा गरिने व्यवस्था गरिने छ ।

१२. **हेलम्बु हिमालयन ग्रेटट्रेल (षडाक्षरी धर्मचक्र पर्खाल):** हेलम्बु गाउँपालिकामा निर्माणाधीन रहेको हेलम्बु हिमालयन ग्रेटट्रेल (षडाक्षरी धर्मचक्र पर्खाल) हाल लगभग ७ किलोमिटर निर्माण भईसकेको र चालु आर्थिक वर्षमा २ करोड लागतमा बेसक्याम्प देखि आमायाङ्ग्रीसम्म हेलम्बु हिमालयन ग्रेटट्रेल निर्माणका लागि बोलपत्र स्वीकृत भई सम्झौता समेत भएकोमा निर्माण व्यवसायीले हालसम्म पनि कार्य सुरु नगरेकाले कार्य प्रगति नदेखिएको हुँदा छिटो निर्माण कार्य सम्पन्न गर्नको लागि संघ, प्रदेश र हेलम्बु गाउँपालिकाको संयुक्त लगानीमा निर्माण कार्यलाई निरन्तरता दिँदै लगिने छ र यस हेलम्बु हिमालयन ग्रेटट्रेल सम्पन्न गर्न सकेमा हेलम्बु लगायत देशकै पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने अपेक्षा राखिएको छ। साथै आगामी आर्थिक वर्षमा बागमती प्रदेश सरकारले रु ४ करोड ५० लाख बजेट विनियोजित गरेकोमा यस योजनालाई बहुवर्षिय योजनामा स्रोत सुनिश्चित गरी ठेक्का प्रक्रिया अगाडी बढाउन विशेष पहल गरिनेछ ।

१३. **प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड:** गाउँपालिका क्षेत्रभित्रको शिक्षाको गुणस्तर सुधार गर्ने अभियानलाई सफल बनाउनको लागि उपयुक्त विश्वविद्यालय र हेलम्बु बोधिसत्व मोडल स्कुलसँग साझेदारीमा विद्यालय सुधार कार्यक्रम सञ्चालन गर्नको लागि इच्छुक फाउण्डेशन र संघ-संस्थाहरुसँग समन्वय गरी हेलम्बु बोधिसत्व मोडल स्कुललाई गाउँपालिका भित्रको शैक्षिक स्रोत केन्द्रको रुपमा विकास गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिई पहुँचमा वृद्धि गर्दै हाल उक्त विद्यालयमा प्राविधिक धारमा सिभिल इन्जिनियरिङ (कक्षा ९-१२) र चालु आर्थिक वर्षदेखि कम्प्युटर इन्जिनियरिङ (कक्षा ९-१२) पनि अध्ययन गर्ने व्यवस्था गरिएकोमा प्राविधिक शिक्षालाई प्राथमिकता दिई त्यसको प्रभावकारिताको लागि आवश्यक व्यवस्था गरिनेछ । साथै श्री मेलम्ची घ्याङ माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय पठनपाठन हुँदै आएकोमा त्यसलाई प्रभावकारी तवरले सञ्चालन गर्ने व्यवस्था गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा लिइरहेका विद्यार्थीहरुलाई गाउँपालिकाको विविध योजनाहरुमा समावेश गरी परियोजना कार्य तथा इन्टर्नसिप गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ । साथै आगामी आर्थिक वर्षमा हेलम्बु बोधिसत्व मोडल स्कुलमा प्राविधिक धारमा स्नातक तह सञ्चालन गर्नको लागि विशेष पहल गरिनेछ । शैक्षिक व्यवस्थापन कार्यलाई व्यवस्थित बनाई आवासीय सुविधासहितको गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरुको लागि निःशुल्क आवासीय छात्रवासको व्यवस्था मिलाईदै आएकोमा त्यस कार्यलाई निरन्तरता दिइने छ । आगामी

आर्थिक वर्षमा विद्यालयलाई आवश्यक पर्ने थप भौतिक पूर्वधार व्यवस्था गरी पठनपाठन कार्यलाई थप व्यवस्थित बनाईदै लगिने छ।

१४. **एकिकृत सिकाई केन्द्र र मेलम्ची भ्याली क्याम्पस सञ्चालन तथा व्यवस्थापन:** हेलम्बु गाउँपालिकामा माध्यमिक तहसम्म अध्ययन पछि उच्च शिक्षा हासिल गर्न राजधानी लगायतका विभिन्न स्थानमा गएर अध्ययन गर्नुपर्ने बाध्यकारी अवस्थाको साथसाथै अध्ययनको लागि लाखौ खर्च गर्नुपर्ने हुँदा न्यून मध्यम वर्गिय परिवारले उच्च शिक्षा हासिल गर्न नसक्ने अवस्थालाई मध्यनजर गरी हरेक विद्यार्थीको शिक्षाको हकलाई सुनिश्चत गर्दै एकिकृत सिकाई केन्द्रमा विद्यार्थी संख्या बढ्दै गईरहेको अवस्थालाई विश्लेषण गर्दै समग्र शैक्षिक विकासको लागि शिक्षालाई गुणस्तरीय, प्रभावकारी र उपलव्धिमूलक बनाउने हेतुले विद्यार्थीको रुचि र चाहना अनुरुपको विषयहरुसहितको  दक्ष विषयगत शिक्षकहरु लगायतका एकिकृत सिकाई केन्द्रमा आवश्यक पर्ने अन्य थप पूर्वाधार र स्रोत-साधनको व्यवस्था गरी गुणस्तरीय शिक्षामा जोड दिईनेछ । यसका लागि रु. ४० लाख बजेटको व्यवस्था गरिएको छ । मेलम्ची भ्याली क्याम्पसलाई पनि हेलम्बु गाउँपालिकाको स्वामित्वमा लिई एकिकृत सिकाई केन्द्र र मेलम्ची भ्याली क्याम्पसलाई एकिकृत रुपमा व्यवस्थापन गरी हेलम्बु गाउँपालिका भित्रका स्नातक तहसम्मका सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क शिक्षा दिने तर्फ थप पहल गरिनेछ । यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१५. **आधारभूत तहको शैक्षिक सुधारको लागि स्वयमसेवक शिक्षक (Volunteer Teacher) तथा म्यादी शिक्षक:** यस हेलम्बु गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा तहगत र विषयगत शिक्षकहरुको अभावलाई परिपूर्ति गर्दै सिकाइ उपलब्धी र शिक्षाको गुणस्तरमा वृद्धि गर्नका लागि एकिकृत सिकाई केन्द्र र मेलम्ची भ्याली क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुमा अभ्यास शिक्षण तथा इन्टर्नसिप गर्न शिक्षण स्वयमसेवक परिचालन कार्यविधि, २०८१ बमोजिम निश्चित पारिश्रमिकसहित स्वयमसेवक शिक्षक (Volunteer Teacher) को व्यवस्था गरिनेछ । साथै शिक्षिका सुत्केरी हुँदा तथा शिक्षक सुत्केरी स्याहार बिदामा बस्दा विद्यार्थीहरुको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष असर पर्ने भएकोले त्यसलाई मध्यनजर गर्दै विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन म्यादी शिक्षकको व्यवस्था गरिने छ ।

१६. **विद्यार्थीहरुलाई प्राविधिक तथा सीपमूलक तालिम:** विद्यार्थीहरुलाई समयको माग अनुरुप सूचना प्रविधि, इन्जिनियरिङ लगायतका क्षेत्रमा प्राविधिक तथा सीपमूलक प्राविधिक ज्ञानको अभिवृद्धि गर्नको लागि विद्यालयमा अतिरिक्त समयको सदुपयोग गरी समय अनुकुल भौतिक तथा अनलाइनमा आधारित तालिमहरु सञ्चालन तथा व्यवस्थापन गरी विद्यार्थीहरुमा गरेर सिक्ने प्रयोगात्मक तथा व्यावहारिक सिपहरुको विकासका लागि आवश्यक व्यवस्था गरिने छ । साथै विद्यार्थीहरुलाई समय समयमा सम्बन्धित विषय

क्षेत्रका गेष्ट लेक्चररहरुमार्फत् भौतिक तथा अनलाइनमा आधारित विषयगत ज्ञान प्रदान गर्ने व्यवस्था गरिने छ ।

१७. **हेलम्बु पकेट क्षेत्रः** हेलम्बु गाउँपालिका भित्रका कृषियोग्य जमिनहरु मध्ये उपयुक्त स्थान छनौट गरी विभिन्न स्थानहरुमा चिया, आलु, कफी, फलफूल जस्ता बालीहरुको पकेट क्षेत्र विकास गर्दै त्यस भेगमा आगामी आर्थिक वर्ष भित्र बिरुवा रोप्ने कार्यक्रम संघ-संस्थाहरुसँग साझेदारीमा आवश्यकता अनुसार गरिनेछ । यस आर्थिक वर्ष विभिन्न बिरुवा उत्पादन गर्नको लागि उपयुक्त स्थान छनौट गरी नर्सरी स्थापना गरिनेछ । यसको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

१८. **वि.सं. २०६३ पछि जन्मेका विद्यालय उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरुको वृहत खोज अभियान:** यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा अनिवार्य तथा नि:शुल्क शिक्षा प्रवद्धन गर्नका लागि विद्यालयमा खर्च हुने बिजुली बत्ति, त्रैमासिक तथा वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन, खेलकुद सामग्री, साँस्कृतिक पोसाक खरिद, लेखा परीक्षण, सामान्य मर्मत सम्भार लगायतका कार्य गर्न लागि विद्यार्थीहरुबाट कुनै पनि किसिमको शुल्क नलिने गरी विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा सम्बन्धित वडाको सिफारिस अनुसार खर्च गर्ने गरी प्रति माध्यमिक विद्यालयहरुलाई एकमुष्ट रु १ लाख, निम्न माध्यमिक विद्यालयलाई एकमुष्ट रु ५० हजार र प्राथमिक विद्यालयलाई एकमुष्ट रु २५ हजारका दरले हुन आउने अनुदान रकम उपलब्ध गराउने व्यवस्था मिलाइने छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को दफा १९ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य मानिने छैन भन्ने व्यवस्था रहेको छ । जसमा (क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, (ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन भन्ने व्यवस्था भए अनुसार वि.सं. २०८५ सम्ममा तोकिएको उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने सुनिश्चितताका लागि आवश्यक पहल

गरिने छ । साथै अनिवार्य र नि:शुल्क शिक्षा लागु भएको स्थानीय तह यसै गाउँ सभाबाट घोषणा गरी त्यसलाई प्रभावकारी तवरले कार्यान्वयन गरिने छ ।

१९. **बालबालिकामार्फत् जलवायु परिवर्तन अनुकुलन तथा बाल विवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम :** जयवायु परिवर्तनको जोखिमको हिसाबले नेपाल उच्च जोखिममा रहेको र देशकै राजधानीको खानेपानीको मूहान रहेको हेलम्बु गाउँपालिकाको माथिल्लो भेगहरुमा रहेको हिमनदीहरु (Glacier) पग्लने क्रम जारी रहेको हुनाले यस कुरालाई मध्यनजर गर्दै विद्यालय तहबाटै अनुकुलन तथा सचेतनाका लागि प्रत्येक विद्यालयहरुमा विद्यार्थीहरुको अग्रसरतामा एक समिति गठन गरी जलवायु परिवर्तन अनुकुलन कार्य र बाल विवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुलाई कार्यक्रम सञ्चालन गरेको आधारमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउने व्यवस्था मिलाउने छ । साथै यस कार्यका लागि यस गाउँपालिका अन्तर्गत सञ्चालित संघ-संस्थाहरुलाई लागत साझेदारीमा बालबालिकाहरुको अग्रसरतामा जलवायु परिवर्तन तथा बाल विवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने छ ।

२०. **रासायनिक मल ढुवानीमा अनुदान**ः यस गाउँपालिकाले कृषकहरुको लागि रासायनिक मलमा अनुदान दिई कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कै मूल्यमा प्राप्त गर्ने गरी यस गाउँपालिकाको तल्लो भेगको किसानहरुलाई प्रति बोरा रु. २६० का दरले र माथिल्लो भेगका किसानहरुलाई प्रति बोरा रु. ३१० अनुदानमा रासायनिक मल उपलब्ध गराउदैँ आएकोमा यसबाट किसानहरुलाई मल नपाउने समस्याको अन्त्य र प्रत्येक घरमा मलको अनुदान पुग्ने वातावरण भएको र यसबाट किसानहरुलाई कृषि उत्पादन तर्फ लाभान्वित भएको हुनाले उक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि २० लाख बजेटको व्यवस्था गरिने छ । सकेसम्म कृषकहरुलाई अर्गनिक मल उपयोग गर्नका लागि प्रोत्साहित गरी बिस्तारै रायासनिक मलको प्रयोगमा न्यूनिकरण गरिदै लगिने छ । साथै अर्गनिक मलको ढुवानीमा समेत आवश्यक अनुदानको व्यवस्था गरिने छ । विउँ पूँजि लिएर फिर्ता नगरेका सहकारीहरुलाई मलमा प्राप्त हुने ढुवानीवापतको अनुदान रकम नपाउने व्यवस्था गरिने छ ।

२१. **डिजिटलमय हेलम्बु :** यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण मातहातका कार्यालय, निकाय, स्वास्थ्य तथा सामुदायिक विद्यालयहरुमा सेवा प्रवाह तथा कार्यसम्पादन गर्दा डिजिटल प्रविधिमा जोड दिइने व्यवस्था गरिने छ । गाउँपालिकाबाट सञ्चालित सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु झल्किने गरी डिजिटल प्रोफाइल तयार गरिने छ । तहगत र विषयगत शिक्षकहरुको अभावका साथै शिक्षक विद्यालयमा अनुपस्थित हुँदा शिक्षण सिकाईमा उत्पन्न हुने समस्यालाई समाधान गर्न डिजिटल सिकाईको व्यवस्था गरिनेछ । शिक्षण

सिकाईलाई प्रविधिमैत्रि बनाउनको लागि गत आर्थिक वर्षमा कम्यूटर/ल्यापटप,प्रिन्टर,फोटोकपी मेसिन नभएका सबै सामुदायिक विद्यालयको लागि उक्त सामग्रीहरुको व्यवस्थापन गरिएकोमा आगामी आर्थिक वर्षमा यस गाउँपालिकाका माध्यमिक विद्यालयको कक्षा ८ देखि कक्षा १२ सम्मका सबै कक्षा कोठामा स्मार्ट बोर्डको व्यवस्था गरिने छ । विद्यालयहरुमा मर्मत गर्नुपर्ने सबै कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, ल्यापटपलगायतका डिजिटल सामग्री मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकाको प्रत्येक सामुदायिक विद्यालयमा सफ्टवेयरसहितको इ-हाजिरी, सी.सी.टि.भी. सामग्रीको व्यवस्थापन गरी सकिएको र गाउँपालिकाका मातहातका कार्यालयहरुमा पनि सफ्टवेयरसहितको इ-हाजिरी, सी.सी.टि.भी. सामग्रीको व्यवस्थापन गरिसकेकाले आगामी आर्थिक वर्षमा गाउँपालिका भित्रका शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो कार्य प्रति जिम्मेवार र जवाफदेही हुनका लागि प्रविधिमार्फत् विशेष निगरानी गर्ने व्यवस्था गरिने छ । गाउँपालिका र वडाको सूचना र अभिलेखहरु सुरक्षित र सुव्यवस्थित राख्नको लगि सुचना प्रविधिको विकास गरी आवश्यक पूर्वधारको निर्माण गरिने छ । सुशासन सुनिश्चितताका लागि वडा कार्यलय र शाखा कार्यलयहरुमा सी.सी.टि.भी.को व्यवस्थापन गरी डिजिटल पालिका निर्माणका लगि आधारभुत कम्पोनेन्टहरुमा काम गरेर सहभागितामूलक विषयहरुमा ध्यान दिई स्मार्ट पालिकाको निर्माणका लागि हार्डवेयर र सफ्टवेयरको व्यव्स्था गरिने छ।

२२. **सञ्चारकर्मीलाई रु तीन लाखको औषधी उपचार :** पत्रकारिताको संस्थागत विकास, स्थानीय सञ्चार माध्यमहरुको प्रवर्रद्धन र सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गर्न समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ । साथै सूचना तथा सञ्चार क्षेत्रको दिगो प्रवर्द्धन, व्यवस्थापन, मर्यादित र व्यावसायिक पत्रकारिताको विकास तथा सूचनाको हकको कार्यान्वयन गर्दै वर्तमान प्रविधिमैत्री तालिम आयोजना गरिने छ । सिन्धुपाल्चोक जिल्ला नै विपद्को जोखिममा रहेको र हेलम्बु गाउँपालिका झन् अति संवेदनशिल रहेको छ । यसै विषयलाई मध्यनजर गर्दै हेलम्बुमा आएर विपद्, जलवायु लगायका विषयमा स्थलगत खोज रिपोर्टिङको क्रममा घाइते वा अङ्गभङ्ग भएमा विपद् पत्रकारितालाई सुरक्षित र प्रोत्साहन गर्ने उद्धेश्यले प्रति पत्रकार रु ३ लाखसम्म औषधी उपचार खर्च उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२३. **सम्भोटा र संस्कृत लगायतका भाषा संरक्षण तथा प्रवद्धनः** हेलम्बु गाउँपालिका भित्र रहेका विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कार र संस्कृतिको संरक्षण तथा प्रवद्र्धनका लागि विशेष जोड दिइनेछ । साथै हेलम्बु गाउँपालिका भित्र रहेका विद्यालयहरुमा सञ्चालन भइरहेको सम्भोटा र संस्कृत भाषाको शिक्षण सिकाइलाई थप प्रभावकारी र व्यवस्थित तवरले सञ्चालन गरिनेछ । साथै आगामी आर्थिक वर्षदेखि सम्भोटा तथा संस्कृत भाषा

शिक्षकहरुका लागि प्रति महिना रु २० हजारका दरले पारिश्रमिक प्रदान गर्ने व्यवस्था गरिने छ । यसका लागि रु. ४८ लाख बजेटको व्यवस्था गरिएको छ । धार्मिक गुरुहरु तथा संघ-संस्थाहरुसँग सहकार्य र समन्वय गरी सम्भोटा तथा संस्कृत भाषा संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउने व्यवस्था गरिने छ । आधारभूत तहमा शिक्षण सिकाइ हुँदै आएको स्थानीय विषय (हाम्रो हेलम्बु) लाई थप प्रभावकारी र व्यवस्थित गरिने छ ।

२४. **शिक्षक तथा कर्मचारी सुरक्षा कोष/कल्याणकारी कोष/अस्थायी अवकाश कोषः** गत आर्थिक वर्षहरुमा सञ्चालनमा ल्याइएको अस्थायी, करार, राहत शिक्षक तथा कर्मचारी कोषको प्रभावकारितालाई मध्यनजर गर्दै यस गाउँपालिकाको "अस्थायी, करार, अनुदान, राहत शिक्षक तथा विद्यालय कर्मचारी अवकाश प्रोत्साहन कार्यविधि, २०८१" बमोजिम समय अनुकुल अस्थायी शिक्षक तथा कर्मचारीहरुका लागि अवकाश कोषको व्यवस्थालाई निरन्तरता दिइने छ । शिक्षक तथा कर्मचारी सुरक्षा कोष/ कल्याणकारी कोष/अस्थायी अवकाश कोषलाई शिक्षक तथा गाउँपालिका भित्र रहेका सम्पूर्ण अस्थायी तथा करारका कर्मचारीहरु समेतको लागि निरन्तरता गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । प्रधानाध्यापकहरुलाई प्रोत्साहन रकम, प्रारम्भिक बाल विकासका बाल सहजकर्ता, विद्यालय कर्मचारीहरु (कार्यालय सहायक लेखापाल र कार्यालय सहयोगी) को लागि गाउँपालिकाबाट थप गरेको पारिश्रमिकलाई निरन्तरता गरिने छ । यसको लागि रु. ५५ लाख रु. ६० हजार बजेटको व्यवस्था गरिएको छ ।

२५. **हिमालयन हेलम्बु हाइ अल्टिच्यूड खुला म्याराथन :** हेलम्बु गाउँपालिकाको प्राकृतिक तथा साँस्कृतिक सौन्दर्यता तथा पर्यटन प्रवर्द्धनलाई मध्यनजर गर्दै हिमालयन हेलम्बु हाइ अल्टिच्यूड खुला म्याराथन प्रतियोगिता सञ्चालन गरिने छ । हेलम्बुलाई खेलकुद हवको रुपमा विकास गर्नका लागि आगामी आर्थिक वर्षलाई खेलकुद वर्षका रुपमा हेलम्बु खेलकुद महोत्सव सञ्चालन गरिने छ । साथै हेलम्बु गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२६. **पर्यटन प्रर्वद्धनको लागि हाई अल्टिच्युट खेलकुद तथा High Altitude Sports Training Centre :** हेलम्बु गाउँपालिका पर्यटकीय दृष्टिकोणले अथाह सम्भावना बोकेको गाउँपालिका हो । यस गाउँपालिकालाई धार्मिक, प्राकृतिक, सांस्कृतिक हिसाबले धनी मानिन्छ । विश्वमा High Altitude Sports Training Centre करिव २७०० मिटरको हाराहारीमा अवस्थित रहेको पाईएको छ तर हेलम्बु गाउँपालिकामा २५०० देखि ३००० मिटर सम्मको भु-भागमा सञ्चालन गर्न सक्ने सम्भावना रहेको हुँदा विश्वको उष्ण राष्ट्रहरुका खेलाडीहरुलाई नेपालको राजधानीबाट नजिक रहेको यस तालिम केन्द्रमा ल्याई यहाँको चिसो वातावरणमा प्रशिक्षण लिन प्रोत्साहन गर्न र सो कार्यबाट हेलम्बु गाउँपालिकाको पर्यटन

प्रर्वद्धन तथा स्थानीयस्तरमा नै रोजगारी सृजना गरी स्थानीय बासिन्दाको आय आर्जनमा समेत उल्लेखनिय वृद्धि ल्याउनको लागि यहाँको उच्च हिमाली क्षेत्रमा High Altitude Sports Training Centre सञ्चालनको लागि आवश्यक पहल गरिनेछ । ढुङ्गेमा क्रिकेट मैदान तथा सेमराङमा कवाड हलको निर्माण कार्य भैरहेकोले निर्माण सम्पन्न गराई हाइ अल्टिच्यूडमा विविध स्थानीय, जिल्लास्तरीय तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्ने व्यवस्था गरिने छ । साथै विद्यालय तहदेखि नै खेलकुद प्रति आकर्षित गर्नका लागि विविध खेल विधाका खेल प्रशिक्षकको व्यवस्थालाई निरन्तता दिइ गाउँपालिकाको विविध स्थानहरुमा खेल मैदान निर्माण तथा स्तरोन्नति गरिने छ । साथै खेलकुद प्रतियोगितामा खेलाडी घाइते भएमा निजको गाउँपालिकाबाट उपचार गर्ने आवश्यक व्यवस्था गरिने छ ।

२७. **विद्यालयमा समायोजन तथा एकीकृत विद्यालयको स्थापना :** विद्यालयको भौतिक, भौगोलिक अवस्था, विद्यार्थी संख्याका आधारमा यस गाउँपालिकाका विद्यालयहरु समायोजन गरेर आवसिय एकीकृत विद्यालय (बिग स्कुल) को रुपमा विकास गरी सबैका लागि प्राविधिक र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिने व्यवस्था गरिने छ । निकट भविष्यमा एकीकृत विद्यालय (बिग स्कुल) को अवधारणा अनुरुप गाउँपालिकामा जम्मा ५ वटा आवसिय सुविधासहित एकीकृत माध्यमिक विद्यालय (बिग स्कुल) तथा स्नातक तह सञ्चालन हुने प्राविधिक विद्यालय रहने गरी हाल निर्माण भइरहेको गाउँ शिक्षा योजनामा समेटी त्यसलाई दिशानिर्देश गर्ने व्यवस्था गरिने छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षक दरबन्दी कम भएका विद्यालयमा गाउँपालिका अनुदानमा थप शिक्षक व्यवस्थापन गर्नका लागि रु. ५९ लाख बजेटको व्यवस्था गरिएको छ ।

२८. **युवालाई सरकारी सेवामा आकर्शितः** युवाहरुलाई सरकारी सेवामा प्रवेश गर्न प्रोत्साहन गरी लोक सेवा आयोग, शिक्षक सेवा आयोग, बैङ्किक, सुरक्षा निकाय, संस्थान आदि जस्ता सरकारी सेवामा स्थायी सेवा प्रवेश गर्न यस गाउँपालिकाका युवाहरुलाई यस गाउँपालिकाको "लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन निर्देशिका, २०८१" बमोजिम तयारी कक्षा सञ्चालन तथा व्यस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ । साथै आगामी आर्थिक वर्षमा स्थायी नियुक्ति भई सरकारी सेवामा नव प्रवेश गरेका गाउँपालिका भित्रका सम्पूर्ण युवाहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

२९. **देशकै राजधानीको खानेपानीको मूहान सफा राख्ने हामी सबैको दायित्व हो :** हेलम्बु गाउँपालिका देशकै राजधानीको खानेपानीको मूहान तथा पर्यटकीय क्षेत्रका रुपमा प्रसिद्ध रहेकोले फोहोरमैलाले मानव, जलवायु परिवर्तन, खानेपानीको मूहान समेत प्रदुषित भई

वातावरणमा नकारात्मक असर पर्ने भएकोले यस गाउँपालिकाबाट निस्केका फोहोरमैलाहरुको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने हुँदा यसका लागि आगामी आर्थिक वर्षमा सम्बन्धित विषय विज्ञको स्थलगत अवलोकन र अध्ययन गरी प्रशोधन केन्द्र सञ्चालन गरी फोहोरमैला व्यवस्थापनका लागि बृहत योजना बनाई स्वच्छ, सुन्दर र हराभरा गाउँपालिकाको निर्माणको लागि गाउँपालिकाको कुनै निश्चित स्थानमा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन योजना बनाई कार्यान्वयनमा ल्याउने प्रक्रिया अगाडी बढाइने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । साथै संघीय र प्रदेश सरकार, उपत्यका भित्रका स्थानीय सरकारहरु र अन्य संघ-संस्थाहरुसँग आवश्यक सहकार्य र समन्वय गरिने छ ।

३०. **विद्यालयमा किचेन गार्डेन, हरित विद्यालय निर्माण तथा दिवा खाजा कार्यक्रम :** विद्यार्थीहरुलाई विद्यलयमा रहेको किचन गार्डेनमा अतिरिक्त समयमा प्रयोगात्मक क्रियाकलापमा सहभागी गराई त्यस कार्यलाई विद्यार्थीको मूल्याङ्कन समेतलाई जोड दिई आगामी आर्थिक वर्षबाट हेलम्बु गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुका किचेन गार्डेनको पूर्ण रुपमा सदुपयोग गरेर विद्यालय परिसर भित्र हरियो तरकारीहरु उत्पादन गरी विद्यालयमा ताजा र पोषणयुक्त दिवा खाजा खुवाईने व्यवस्थालाई निरन्तरता गरिने छ । किचेन गार्डेनलाई स्तरोन्नति गरी दिवा खाजा कार्यक्रममा किचेन गार्डेनमा उत्पादन भएका ताजा तरकारी उपभोग गर्ने तथा स्थानीय उपजको उपयोग गर्ने व्यवस्था मिलाईनेछ। साथै आवसीय विद्यालयहरुमा खपत हुने तरकारी आफै उत्पादन गरी उपभोग गर्ने र तरकारीमा आत्मनिर्भर बनाईनेछ। नेपाल सरकारद्वारा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मको विधार्थीलाई दिवा खाजा कार्यक्रम रहेको र एउटै विद्यालयका विधार्थीहरुमा पनि कसैलाई खाजा सुविधा रहेको र कसैलाइ नरहेको अवस्थाको मध्यनजर गर्दै सबैलाई समान रुपमा खाजा सुविधा उपलब्ध गराउनको लागि कक्षा ६ देखि १२ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई हेलम्बु गाउँपालिकाबाट दिवा खाजा सुविधा उपलब्ध गराउँदै आएकोमा उक्त कार्यक्रममा आगामी आर्थिक वर्षमा विद्यालयका शिक्षकहरुलाई समेत समेटी खाजा सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता गरिनेछ। यसका लागि रु. ३६ लाख बजेटको व्यवस्था गरिएको छ । हरित विद्यालयको विकासमा जोड दिइने छ। साथै चाइल्ड नेपालको साझेदारीमा एकीकृत सिकाइ केन्द्र, श्री सरस्वती माध्यमिक विद्यालय र श्री महेन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि कक्षा ६ देखि १२ सम्मलाई दिवा खाजा कार्यक्रमलाई निरन्तरता गरिनेछ । उक्त कार्यक्रममा अन्य विविध संघ–संस्थाहरुलाई समेत साझेदारीमा कार्यक्रम गर्न विशेष पहल गरिने छ । हेलम्बु बोधिसत्व मोडल स्कुलमा बाल पोषणको लागि पशुपन्छिपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक विद्यालयहरुमा रहेको

किचन गार्डेनमा संघ-संस्थाहरुसँग साझेदारीमा मौरीपालन कार्यक्रम प्रवर्द्धन गरी मह उत्पादनमा विशेष जोड दिइने छ ।

३१. **संघ-संस्थाहरुसँग समन्वय तथा साझेदारीमा कार्यक्रम :** यस हेलम्बु गाउँपालिका अन्तर्गत सञ्चालित सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुसँग समन्वय र साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने व्यवस्था गरिनेछ । साथै यस गाउँपालिका अन्तर्गत सञ्चालित संघ-संस्थाहरुसँग साझेदारी गरी एकद्वार प्रणालीमार्फत् संघ-संस्थाहरुलाई गाउँपालिकाले ल्याएको नीति तथा कार्यक्रम अनुरुप साझेदारीमा कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनका लागि विशेष पहल गरिने छ ।

३२. **विद्यार्थी छात्रवृत्ति कार्यक्रमः** हेलम्बु गाउँपालिकामा स्थायी बसोबास गरी स्वदेशमा नै एम.वी.वी.एस. अध्ययन गर्न चाहने विद्यार्थीहरुको मनोवल उच्च राख्न र गाउँपालिका भित्रबाट दक्ष चिकित्सक उत्पादन गर्ने कार्यमा सहयोग पुर्याउन छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम छात्रवृत्ति प्रदान गरिने व्यवस्थालाई निरन्तरता गरिनेछ । साथै विद्यार्थीहरुलाई गाउँपालिकामा अध्ययन हुने विषयहरु यही बसेर अध्ययन गर्नका लागि प्रोत्साहन गर्ने र यस गाउँपालिका भित्र अध्ययन नहुने विषयको लागि मात्र उच्च शिक्षामा अध्ययनरत् रहेको प्राविधिक, जेहेन्दार, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ । साथै छात्रवृत्ति प्राप्त गरेर अध्ययन पूरा गरेपछि कम्तिमा एक वर्ष हेलम्बु गाउँपालिकका भित्र अनिवार्य सेवा गर्नुपर्ने नीतिगत व्यवस्थालाई निरन्तरता दिइने छ । यसका लागि रु. २० लाख बजेटको व्यवस्था गरिएको छ ।

३३. **जलवायु सम्मेलन :** विश्वमा बढ्दै गएको जलवायु परिवर्तनलाई मध्यनजर गर्दै जलवायुको प्रभावलाई न्यूनिकरण, जनचेतना तथा पर्यटन प्रर्वद्धन गर्ने उद्धेश्यका साथ हेलम्बु गाउँपालिकाको हाइ अल्टिच्यूड ४६०० मिटरको उचाइमा रहेको छयादिज्यो गाङमा जलवायु सम्मेलन तथा गाउँपालिकाको कार्यपालिका बैठक आयोजना गर्ने कार्यका लागि आवश्यक व्यवस्था गरिने छ ।

३४. **जलवायु न्यायः** जलवायु न्याय पृथ्वीमा रहेको अनेकन प्राकृतिक श्रोतहरुको प्रयोग विश्वका सबै राष्ट्रहरुले आ–आफ्नो क्षमता अनुसार गरिएको छ। श्रोतहरुको प्रयोगमा व्यक्ति, समुदाय र राष्ट्रको बिचमा ठूलो असमानता रहेको छ। शक्ति राष्ट्रहरुले गरेको श्रोतको अत्याधिक दोहनका कारण प्रदुषण तथा विभिन्न विनासहरु हुँदै आएको छ जसको असर विश्वव्यापी रहेको देखिन्छ । यसको मारमा परेको हाम्रो जस्तो सानो देश नेपालले विगतका केही समय देखि अनाहकमा मार खेपिरहनुपरेको छ । त्यसमा पनि जलवायु परिवर्तनको असरका कारण हेलम्बुले विभिन्न समस्याहरुको सामना गरिरहनु परेको छ । प्राकृतिक श्रोतको अत्याधिक प्रयोग र जलवायु परिवर्तन हुनुमा यहाँको भूमिका नगण्य रहेको छ ।

आफ्नो जिविकाको लागि प्राकृतिक श्रोतमा निर्भर रहने यहाँको मानिसहरु जलवायु प्रकोपबाट सबै भन्दा धैरै प्रभावित रहेको छ । त्यसैले त्यसको क्षतिपूर्ति स्वरूप बाह्य निकायबाट वित्तीय सहयोगको अपेक्षा गाउँपालिकाले गरेको छ । यस्ता जलवायु वित्तको रुपमा सहयोग लिन र त्यसलाई यस क्षेत्रको विकासमा खर्च गर्नको लागि जलवायु न्याय योजना आवश्यक रहेको छ । यस हेलम्बु गाउँपालिकाले जलवायु न्याय योजना तयार पारी बाह्य निकायहरुसँग सहयोग प्राप्तिको कदम अगाडी बढाउनेछ । जलवायु परिवर्तनको कारणले हिमालहरुमा हिँउ नभएको र त्यस क्षेत्रका चराचुरुङ्गी, जिवजन्तु र वनस्पति लोप हुँदै गईरहेको अवस्थालाई मध्यनजर गर्दै जौविक विविधताको संरक्षण गर्न गत आर्थिक वर्ष देखि सुरुवात गरिएको हिमाली क्षेत्रमा हिउँ जमाउने कार्यकमको प्रतिवेदनका सुझावलाई कार्यन्वयन गर्ने व्यवस्था मिलाईनेछ । साथै यस हेलम्बु गाउँपालिका भित्र रहेको साना खोल्सा, मुख्य मुहान, प्राकृतिक रुपमा भएको पोखरीहरु पुरिँदै गएको हुनाले सम्पूर्ण खोल्सा र मुहानहरुलाई पून: पूर्ववत रुपमा ल्याई जलवायु परिवर्तनको असर न्यूनिकरण गर्नको लागि यस गाउँपालिका भित्र रहेका विभिन्न खोल्सा, नदिनाला र सम्भाव्य स्थानमा पोखरी निर्माण गर्नको लागि विभिन्न दातृ निकाय तथा संघ-सस्थाहरुसँग समन्वय गरी विशेष पहल गरिने छ । जलवायु परिवर्तन तथा विपद सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरी विपदको दृष्टिकोणले जोखिमपूर्ण यस गाउँपालिकामा अध्ययनरत बालबालिकाहरुलाई जलवायु परिवर्तनको प्रभाव तथा न्यूनिकरणको बारेमा ज्ञान दिने व्यवस्था मिलाईनेछ।

**३५. E-Governance / Paperless Government को अवधारणाः**

सार्वजनिक, संवेदनशिल र अति महत्वपूर्ण स्थानहरूमा जोडिने सिसिटिभीले पालिकाको सुरक्षा अवस्थालाई मजवुत बनाई अपराधिक क्रियाकलापहरुमा न्यूनिकण गर्दै GIS सर्भे, बेसलाईन सर्भे मार्फत पालिका भित्रको यथार्थ परक तथ्याङ्क संकलन गरी विकास तथा निति निर्माणमा प्रयोग गर्ने, गाउँपालिकाको एकिकृत सूचना व्यवस्थापन प्रणाली (पालिका सिस्टम) विकास गरी घरधुरी, जनसंख्या, परिवार संख्या, शिक्षा, रोजगारी, स्वास्थ्य, योजना लगायतका तथ्याङ्कहरु व्यवस्थापन र वितरण गर्ने व्यवस्था गरिनेछ। यो प्रणाली मार्फत परिवार घर नम्बरलाई क्यूवार कोड मार्फत परिवार विवरण हेर्न सकिनेछ। यो प्रणालीको प्रयोग गरी सेवा प्रतिको सन्तुष्टि मापन गर्ने, नगरिकको गुनासो संकलन गर्ने, त्यसको फर्छैट तथा प्रतिवेदन तयार गर्ने, प्रणालीको प्रयोग गरी गाउँबासीलाई छिटो, छरितो, गुणस्तरीय सेवा प्रवाह गर्ने र आवश्यक परेको खण्डमा एकिकृत डिजिटल घुम्ति सेवा सञ्चालन गर्ने व्यवस्था गरिनेछ। E-Payment System, Office Automation System, Business Registration System, Judicial Registration System जस्ता प्रणालीहरुको प्रयोगलाई छरितो र

गुणस्तरीय सेवाग्राहीलाई सेवा प्रदान गर्न सकिने छ । सेवाग्राहीहरु भौतिक रुपमा कार्यलय उपस्थित हुनु पर्ने झन्झटबाट मुक्त हुने छन् । गाउँपालिका खोज तथा विकास एकाई मार्फत पालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गरी विभिन्न किसिमका खोज अनुसन्धान गरिने छ । उक्त खोज अनुसन्धानबाट आएको नतिजालाई विकास तथा निति निर्माणमा प्रयोग गरिने छ। यसको लागि आवश्यक बजेट व्यवस्था गरिने छ। साथै भौगोलिक अवस्थितिका कारणले हेलम्बुमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरी राष्ट्रिय परिचय पत्र दर्ता स्टेशन स्थापना गर्ने कार्यलाई आवश्यक पहल गरिने छ ।

३६. **५० प्रतिशत छुटमा दर्ता अभियान वर्ष:** यस हेलम्बु गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण व्यावसायिक संस्थाहरुले अनिवार्य दर्ता गरी मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । व्यावसायिक संस्था, निजी घर, बैंक तथा सहकारी संस्था, टेलिकम टावर, सामुदायिक भवन, गुम्बा, मठ-मन्दिर, साँस्कृतिक सम्पदाहरु नक्सा पास गरेर मात्र निर्माण गर्ने व्यवस्था गरिने छ । अभिलेखीकरण गर्ने कार्य यही आगामी आर्थिक वर्ष भित्रै दर्ता गरेमा दर्ता शुल्क तथा नक्सा पासमा ५० प्रतिशत छुट गर्ने व्यवस्था गरिने छ । यस अभियानलाई बृहत रुपमा सञ्चालन गर्न हरियो, पहेंलो र रातो स्टिकरको व्यवस्था गरी बस्तीबस्तीमा दर्ता शिविर तथा जनचेतनामूलक एकीकृत घुम्ती सेवा सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । साथै म्याद सकेका खाद्ध सामग्री तथा पेय पदार्थले जनस्वास्थ्यमा गम्भिर प्रतिकूल असर पर्ने भएकोले नागरिकमा सचेतना फैलाउदै गाउँपालिका भित्रको प्रत्येक वडाहरुमा अनुगमन गर्ने प्रक्रियालाई तिव्रता दिदै पसल, व्यावसायिक संस्थाहरुले म्याद सकेका खाद्ध सामग्रीहरु तथा पेय पदार्थ बेचिनुबाट पूर्ण रुपमा बन्देज गर्ने अभियान सञ्चालन गरिने छ । सो अनुगमनको क्रममा कानुन विपरित कही कतै व्यावसायिक पसलहरुले अखाद्य वस्तु, म्याद सकिएको वस्तुहरु बेचिएको पाइएमा व्यापक रुपमा यथासिघ्र अनुगमन गरी कानुनी दायरामा ल्याउने व्यवस्था गरिने छ । साथै यस्तो गरेको सूचना कसैले गाउँपालिकामा गोप्य रुपमा सूचना जानकारी गराई सो प्रमाणित भएमा आवश्यक पुरस्कारको व्यवस्था गरिने छ ।

३७. **हेलम्बु गाउँपालिकामा प्लास्टिक निरुत्साहित, सम्पूर्ण कार्यालयहरुमा तामाका भाडाहरु प्रयोगः** प्लास्टिकजन्य भाडाहरु स्वास्थ्यको लागि हानिकारिक हुने भएको कुरा विदितै छ । प्लास्टिकजन्य पदार्थलाई निरुत्साहित गर्न गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरु तथा शाखाहरुमा अनिवार्य रुपमा तामाका भाडाहरु प्रयोगमा जोड दिइनेछ । साथै संघ-संस्थाहरु समेतलाई यस कार्यक्रममा सहभागी गराउने व्यवस्था गरिने छ ।

३८. **रैथाने बाली संरक्षण तथा ब्राण्डिङ:** "कोदोको परिकार, स्वास्थ्यको सुरक्षा आम्दानीको आधार" भन्ने मूल नाराका साथ हेलम्बु गाउँपालिकाको स्थानीय एवम् रैथाने बाली कोदो

खेतीलाई संरक्षण तथा प्रद्धदन गर्दै स्थानीय कोदो उत्पादक कृषकहरुलाई कोदो खेतीमा आकर्षण गर्ने उद्धेश्यका साथ कोदोको बिस्कुट, नमकिन, केक र दुनोट निर्माण सम्बन्धी सिपमूलक तालिम प्रदान गरिने छ । जैविक विविधताको संरक्षणको लागि हेलम्बु गाउँपालिकाले संघ-संस्थासँग साझेदारीमा विभिन्न किसिमका रैथाने वालीहरुको संरक्षण गर्दै रैथाने बालीको पहिचान प्याकेजिङ र आवश्यक सामग्रीसहित सामुदायिक विउ वैंक स्थापना गर्ने र ब्राण्डिङ कार्यक्रमलाई प्रोत्साहन गरी यसै आर्थिक वर्षबाट सञ्चालन गरिने व्यवस्था मिलाईनेछ। साथै संघ-संस्थासँग साझेदारीमा हेलम्बु गाउँपालिका भित्र उत्पादन भएका कृषि, पशुपन्छि तथा मत्स्यजन्य उत्पादनलाई बजारीकरण गर्न प्रविधिमैत्री संकलन केन्द्रको स्थापनामा विशेष जोड दिइने छ ।

३९. **उत्कृष्ट कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम:** व्यावसायिक कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनलाई जोड दिदै हेलम्बु गाउँपालिका भित्र कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने मूल उद्धेश्यका साथ तरकारी, फलफूल, खाद्यान्न बाली, दुधजन्य पदार्थ, अण्डा, माछा व्यावसायिक तरिकाबाट उत्पादन गरी यसै गाउँपालिका क्षेत्रभित्र बजारीकरण गर्ने कृषकहरुलाई उत्पादनका विविध आधार र मापदण्ड अनुसार प्रोत्साहन तथा सम्मान गरिने छ ।

४०. **स्थानीयस्तरमा उत्पादित सामग्रीको उपयोगमा जोड :** यस गाउँपालिका मातहातका कार्यालय, विद्यालय, सार्वजनिक स्थलहरुमा प्लास्टिकको डस्टविनहरुको प्रयोगलाई पूर्ण रुपमा प्रतिस्थापन गरी स्थानीय सीपहरुको प्रवर्द्धन तथा स्थानीयस्तरमै बाँस तथा निगालोबाट उत्पादित डस्टविन लगायतका सामग्रीहरुको अनिवार्य उपयोग गर्ने कार्यलाई विशेष जोड दिइने छ । साथै यसका लागि आवश्यक तालिम तथा बजेटको व्यवस्था गरिने छ ।

४१. **अर्गानिक उत्पादन प्रर्वद्धन कार्यक्रम:** खाद्यान्न तथा तरकारी बालीमा प्राङ्गारिक मल (गडौली मल, वानस्पतिक विषाधि, घरयासी विषाधि, जैविक विषाधि) प्रयोग गर्न प्रोत्साहन गर्दै हेलम्बु गाउँपालिकामा उत्पादन हुने खाद्यन्न, तरकारी तथा नगदेवाली जस्ता कृषि उत्पादनहरुमा रसायनिक मल र विषादीको प्रयोगमा निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिई गाउँपालिका भित्र स्थानीय कृषकहरुले आर्गानिक विधिद्धारा उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफुल, लगायतका अन्य उत्पादनहरु विक्री वितरण गर्न उपयुक्त स्थानमा ब्राण्डिङ कार्यक्रम सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

४२. **हेलम्बु अस्पताल**ः यस गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ सैयाको अस्पतालको भौतिक संरचना निर्माण अन्तिम चरणमा पुगिसकेको हुनाले उक्त अस्पतालमा आवश्यक फर्निचर, उपकरण तथा ल्यावसहितको दक्ष चिकित्सक र स्वास्थ्यकर्मीको व्यवस्था गरी आधुनिक र गुणस्तरीय स्वास्थ्य सेवा आगामी आर्थिक वर्षबाट सञ्चालन गरी

स्वाथ्य सेवालाई सर्वसुलव रुपमा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ । साथै यस गाउँपालिका अन्तर्गतका वर्थिङ सेन्टरहरुका लागि थप एउटा ग्रामिण अल्ट्रासाउण्ड मेसिन खरिद गरी सेवा नियमित रुपमा दिइने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४३. **हेलम्बुका एकल पुरुषलाई मासिक एक हजार भत्ता :** संघीय सरकारमार्फत् एकल महिलाहरुलाई मात्र सामजिक सुरक्षा भत्ता प्रदान गर्दै आइरहेकोमा हेलम्बु गाउँपालिकाले लैङ्गिक समानता र समता कायम गरी सामाजिक न्याय कायम गर्ने उद्धेश्यले विभेदरहित समाज निर्माण गर्ने र दैनिक जिविकोपार्जनमा सहजता ल्याउनका लागि यस गाउँपालिका भित्रका एकल पुरुषहरुलाई मासिक एक हजार रुपैयाँ दिदै आएको सामाजिक सुरक्षा भत्तालाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । यसका लागि रु ३० लाख बजेटको व्यवस्था गरिएको छ ।

४४. **सहकारीः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन भईरहेको सहकारी संस्थाहरुको तथ्याङ्क, आँकडा तथा सूचनाहरुको विधुतीय माध्यमबाट प्रशोधन तथा अभिलेखीकरण गरी जोखिमका आधारमा समस्याग्रस्त सहकारी संस्थाहरु पहिचान गर्न प्रयोगमा ल्याईएको COPOMIS र PEARLS सम्बन्धी तालीम प्रदान गरिनेछ । साथै देशमा विद्मान सहकारीको समस्याहरुलाई मध्यनजर गर्दै सम्पूर्ण सहकारीलाई एकद्वार पद्दतीमा ल्याई नियमन गरिने व्यवस्था मिलाइनेछ।

४५. **सु-शासनः** हेलम्बु गाँउपालिकाबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त, छिटो छरितो, प्रभावकारी, गुणस्तरीय, पारदर्शि, प्रविधिमैत्री तथा सेवा-ग्राहीमैत्री बनाउन गाउँपालिका र वडा कार्यालयमा आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरी जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुलाई समय अनुकूल तालिम प्रदान गरी डिजिटल प्रणालीलाई जोड दिइने छ ।

४६. **अर्गानिक चियाः** हेलम्बु गाउँपालिकाका ग्रामिण सडकहरुको दाँया–वाँया तथा सरकारी भवन र सामुदायिक विद्यालयहरुमा रहेका खाली जग्गाहरुमा संघ-संस्थाहरुसँग साझेदारीमा चिया रोपण गरी ग्रामिण सडकहरुलाई हरित सडक (Green Road) को रुपमा विकास गर्ने र उक्त चिया रोपणबाट ग्रामिण सडक एवम् सरकारी तथा सार्वजनिक विद्यालयको सुन्दरता बढ्नुको साथै भू–क्षय समेत न्यूनिकण हुने भएकोले ह्योल्मो फुङ्बुच्चे आमा कृषक समूहले नर्सरीमा उत्पादन गरेको चियाको बेर्ना रोपण कार्यक्रम आगामी आर्थिक वर्षबाट थालनी गर्ने व्यवस्था मिलाईनेछ । साथै आगामी आर्थिक वर्ष देखि चियाको प्रशोधन समेत गाउँपालिकास्तरमा गरी चियालाई ब्राण्डिङको प्रबन्ध मिलाई बिक्री वितरण गर्ने व्यवस्था गरिनेछ ।

४७. **जलवायु सिँचाई :** खेतियोग्य जमिनमा सिँचाईको अभावले गर्दा बेमौसमी तरकारीका उत्पादन गर्न नसकिरहेको वर्तमान अवस्थामा यस गाउँपालिका भित्र जिर्ण अवस्थामा रहेका

सिँचाई कुलाहरु मर्मत गर्ने, साना तथा मझौला कुलो निर्माण, थोपा सिँचाई, सिँचाई प्लास्टिक पोखरी संरचना निर्माण गरी सिँचाई सुविधा उपलब्ध गराई बाह्रै महिना मौसमी तथा बेमौसमी तरकारी उत्पादन र उपभोग गर्ने व्यवस्था मिलाईनेछ ।

४८. **डडेलो रोकथाम तथा वृक्षरोपण कार्यक्रम :** हेलम्बु गाउँपालिका भित्रका डडेलो लागेका विभिन्न स्थानहरुमा वृहत रुपमा वृक्षरोपण गर्ने व्यवस्था गरिनेछ । साथै डडेलो लगाउने व्यक्तिलाई कानुनी दायरामा ल्याइने छ र कानुनी दायरामा ल्याउन सहयोग गर्ने व्यक्तिलाई निजको पहिचान गोप्य राखी रु १ लाख पुरस्कार दिने व्यवस्था मिलाइनेछ । साथै एक विद्यार्थी एक वृक्षरोपण, एक जनप्रतिनिधि एक वृक्षरोपण कार्यक्रम गर्ने व्यवस्था गरिने छ ।

४९. **एसिया वनस्पति तथा बन्यजन्तु अध्ययन केन्द्रः** हेलम्बु गाउँपालिका जैविक विविधताको हिसाबले अत्याधिक धनी गाउँपालिका हो र यहाँ जैविक विविधताको क्षेत्रमा अनेकन सम्भावनाहरु रहेको छ । यहाँको जैविक विविधताको अध्ययन, संरक्षण र प्रर्वद्धनका लागि एसिया बनस्पति तथा बन्यजन्तु अध्ययन केन्द्रको स्थापनाको अध्ययन तथा स्थान छनौट लगायतका कार्यको सुरुवात गरिनेछ । देश विदेशबाट यहाँको वन, वनस्पति, वन्यजन्तु, खोला र हिमालको अध्ययन गर्नको लागि आउने शोधकर्ता तथा विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ । यहाँ अध्ययन भएका खोज तथा अनुसन्धानहरुलाई गाउँपालिकाले सम्पत्तिको रुपमा हिफाजत गरी त्यसको विश्वबजारमा प्रर्वद्धन गरीनेछ । यसबाट हेलम्बुको पर्यटन प्रर्वद्धनका टेवा पुग्ने र यस भेगका आर्थिक स्थितिमा समेत सुधार हुने अपेक्षा गरिएको छ । गत आर्थिक वर्षमा विशेष कारणबस कार्यन्वयन हुन नसकेकोले आगामी आर्थिक वर्षबाट नै संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघ–संस्थाहरुको समन्वयमा एसिया वनस्पति तथा बन्यजन्तु अध्ययन केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ । साथै हेलम्बु गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा भएका जडिबुटिहरुको पहिचान गरी डिजिटल प्रोफाइल तयार गर्ने व्यवस्था मिलाइने छ ।

५०. **युवा लक्षित कृषि कर्जाको व्याजमा अनुदान कार्यक्रम :** हेलम्बु गाउँपालिका भित्र कृषि, पशुपन्छी र मत्स्यपालन व्यवसायलाई आधुनिकीकरण गर्दै कृषि, पशुपन्छी र मत्स्यपालनजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न युवा लक्षित कृषि कर्जाको व्यवस्था मिलाइने छ ।

५१. **गाउँपालिका केन्द्रदेखि प्रत्येक वडासम्म जोड्ने सडकहरु कालोपत्रे बनाउने अभियान :** हेलम्बु गाउँपालिका भित्र रहेका सबै सडकहरु संघीय र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाको केन्द्रबाट प्रत्येक वडा कार्यालयसम्म पुग्ने सडक र प्रत्येक वडाको मुख्य सडकहरु क्रमश: कालोपत्रे बनाउने तर्फ विशेष जोड गरिने छ ।

५२.**पशुपन्छी तथा मत्स्यपालन प्रवर्द्धन कार्यक्रम :** हेलम्बु गाउँपालिका भित्र रहेका पशुपन्छी तथा मत्स्यपालक कृषकहरुलाई पशु उपचार सेवा प्रवाह गर्दै आकस्मिक रुपमा देखिने विभिन्न किसिमका संक्रमक रोगहरु विरुद्ध पूर्ण खोप कार्यक्रम सञ्चालन गरिने छ । साथै पशु आहारको व्यवस्थापन, नस्ल सुधार तथा मागमा आधारित यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।

५३.**दुध उत्पादनमा प्रोत्साहन कार्यक्रम :** हेलम्बु गाउँपालिका भित्र रहेका पशुपालक कृषकहरुलाई लक्षित गरी १० लिटर भन्दा बढी दुध उत्पादन गर्ने कृषकलाई दुध उत्पादन गरेवापत प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

५४.**आधारभूत प्रयोगशाला व्यवस्थापन कार्यक्रम :** कृषि तथा भेटेरिनरी क्षेत्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउदै पशुपन्छीमा देखा पर्ने रोगहरुको परीक्षण, उपचार तथा रोगथामको लागि गाउँपालिका स्तरीय आधारभूत प्रयोगशालाको स्थापना गरी एकीकृत सेवा केन्द्रको व्यवस्था मिलाइने छ । साथै मानिसबाट पशुमा र पशुबाट मानिसमा सर्ने विभिन्न किसिमका जुनोटिक रोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

५५.**अध्यात्मिक आनन्दको लागि अध्यात्म चिन्तन केन्द्र/ध्यान केन्द्रः** यस हेलम्बु गाउँपालिका बौद्ध धर्माबलम्वी क्षेत्रको रुपमा निकै महत्वपूर्ण मानिन्छ । हेलम्बु गाउँपालिका भित्र रहेका विभिन्न स्थान पर्यटनको हिसाबले पर्यटकीय गन्तव्यको रुपमा चिनिने भएको हुँदा सार्वजनिक प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन, सामाजिक विकासको क्षेत्रमा योग, ध्यान र स्वजागरणका मौलिक र वैज्ञानिक पद्दतिलाई मूलप्रवाहीकरण गरी स्वस्थ र नैतिकवान समाज निर्माण गर्न गाउँपालिकास्तरमा योग र ध्यानको स्वजागरण अभियान सञ्चालन गर्नुका साथै योग, ध्यान र पर्यटन प्रवर्द्धनलाई पहल गरिनेछ ।

५६. **क्रिश्चियन समुदायः** यस हेलम्बु गाउँपालिका भित्र रहेको क्रिश्चियन समुदायहरुको लागि दाह संस्कार गर्न वडा कार्यालयको समन्वयमा कुनै एक निश्चित स्थानमा दाह संस्कार गर्ने स्थानको व्यवस्था मिलाउनको लागि विशेष पहल गरिनेछ ।

५७. **संस्थागत विद्यालय व्यवस्थापन :** हेलम्बु गाउँपालिका भित्रको शिक्षालाई समान रुपले अगाडि बढाउने उद्देश्यका साथ गाउँपालिका भित्र रहेको सबै संस्थागत विद्यालयका विद्यार्थीहरुलाई पनि दिवा खाजामा समावेश गराई विद्यालयमा लाग्ने सम्पूर्ण खर्च गाउँपालिकले व्यहोर्ने र विद्यार्थीहरुसँग कुनै पनि शुल्क लिन नपाउने नीतिगत व्यवस्था गत आर्थिक वर्षको कार्यक्रममा समावेश गराइएको भएता पनि उक्त संस्थाहरुमा सहभागी हुन नआएकाले यस कार्यक्रमलाई आगामी आर्थिक वर्षमा विशेष पहल गरिने छ । साथै गत आर्थिक वर्षमा गाउँपालिकामा कार्यरत सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा यस गाउँपालिका मातहात सञ्चालित सबै कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले

बालबालिकाहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा अध्ययन गराउनुपर्ने नैतिक दायित्व पनि भएको हुनाले आगामी आर्थिक वर्षमा यस कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गर्न जोड गरिने छ ।

५८. **दलित छोरी बुहारीले रु एक लाख पाउनेः** हेलम्बु गाउँपालिका भित्र स्थायी बसोवास गर्ने दलित छोरी बुहारीले गाउँपालिका भित्रको सामुदायिक शैक्षिक संस्थाबाट माध्यमिक तह उर्तिण गरी कुनै पनि विषयमा आर्थिक वर्ष २०८१/८२ मा स्नातक तह पूरा गरेमा कार्यविधि बनाएर जनही रु. एक लाख प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

५९. **हेलम्बु गाउँपालिकाको अभियान, युवा उद्यमी तथा दक्ष जनशक्ति निर्माणः** हेलम्बु गाउँपालिकामा आफ्नो क्षेत्रभित्रको नागरिकहरुको जीवनस्तर माथि उस्काई स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्न आगामी आर्थिक वर्षबाट गाउँपालिका भित्रको विभिन्न स्थानहरुमा सामुहिक वा व्यक्तिगत रुपमा युवाहरुले गर्ने व्यवसाय जस्तैः बाख्रापालन, कृषि फर्म, माछापालन, दुधजन्य वस्तुको उत्पादन जस्ता विभिन्न व्यवसाय गर्ने युवाहरुलाई प्रोत्साहन गर्नको लागि गाउँपालिकाले व्यवसायिहरुलाई व्यवसायको प्रकृति हेरी सीपमूलक तालिम तथा अनुदानको व्यवस्था मिलाईनेछ । हेलम्बु गाउँपालिका मत्स्यपालनमा प्रसिद्ध रहेको विषयलाई मध्यनजर गर्दै गाउँपालिका भित्र रहेका ट्रउट फर्महरुबाट माछाको भुरा उत्पादन गर्नका लागि गाउँपालिकाले अनुदानको व्यवस्था गरिने छ । अनुदान प्राप्त गरेको फर्मले गाउँपालिका भित्र रहेका फर्महरुलाई सहुलियत दरमा माछाको भुरा उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

६०. **अध्यक्षसँग बालबालिका कार्यक्रमः** यस हेलम्बु गाउँपालिका भित्र रहेको सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत रहेका विद्यार्थीहरुसँग उनीहरुको समस्याहरुको बारेमा बुझ्ने, छलफल गर्ने र शैक्षिक सुधारको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने उद्देश्यले प्रत्येक वडामा अध्यक्षसँग बालबालिका कार्यक्रमलाई निरन्तरता गर्ने व्यवस्था मिलाइनेछ ।

६१. **न्यायिक समिति विशेष कार्यक्रम :** यस गाउँपालिकामा न्यायिक समितिबाट सम्पादन गरिने कार्यलाई छरितो, प्रभावकारी र व्यवस्थित बनाउनका लागि कानुनी साक्षरता, परामर्श लगायतका विविध कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६२. **"बालमैत्री सोचाई, हेलम्बुको रोजाई"** : बालश्रम, बालशोषण, बालविवाह र बाल हिंसा न्यूनीकरण गर्न कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ । गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । बालबालिकाको सर्वोत्तम हितलाई सुनिश्चित गर्न स्थानीय बाल अधिकार समितिलाई अझै सक्रिय बनाइनेछ र बालबालिका माथि हुने हिंसा न्यूनीकरण गर्न तत्काल उद्दारको लागि बाल कोष एवं बाल मनोविज्ञ र समाजसेवीको व्यवस्था पनि

मिलाइनेछ । एकल महिला तथा पुरुष, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता आदिका लक्षित वर्गको मागलाई सम्बोधन गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यस गाउँपालिका भित्र रहेका महिला तथा बालबालिकाहरुलाई मध्यनजर गर्दै विविध किसिमका सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

६३. **जेष्ठ नागरिक :** यस हेलम्बु गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै उनीहरुसँग रहेको अनुभव, ज्ञान, सिप र अनुभवलाई संरक्षण र नयाँ पिडिलाई हस्तान्तरणका लागि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

६४. **सांकेतिक भाषा विद्यालय** : फरक क्षमता भएका व्यक्तिहरुलाई मध्यनजर गर्दै हेलम्बु गाउँपालिकामा नेपालकै उत्कृष्ट, सुविधा सम्पन्न सांकेतिक भाषा विद्यालय स्थापना गरी देशभरिकै फरक क्षमता भएका व्यक्तिहरुको लागि उच्च शिक्षा सम्म निःशुल्क अध्ययन गर्ने व्यवस्था गरिनेछ । साथै उनीहरुका परिवारहरुलाई आय आर्जनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसको लागि विभिन्न दातृ निकाय, संघ–संस्थाहरुसँग समन्वय गरिनेछ । साथै फरक क्षमता भएका बालबालिकाहरुलाई शिक्षण सिकाइ क्रियाकलाप प्रदान गर्ने व्यवस्था गरिने छ ।

६५. **हेलम्बु गाउँपालिकाको बाढी पिडितहरुको व्यवस्थापन :** यस गाउँपालिका भित्र रहेका बाढी पीडितहरुको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न बस्तीहरुको संरक्षण लगायतका आवश्यक विविध कार्यक्रमहरु सञ्चालन गरिने छ । हेलम्बुमा मेलम्ची खोलाको बाढीले गरेको क्षति अकल्पनिय छ । हजारौं रोपनी खेतियोग्य जमिनहरु नष्ट गरेकोमा संघीय सरकारसँग समन्वय गरी त्यसको मुआब्ज उपलब्ध गराई करिडोर निर्माणमा विशेष पहल गरिने छ । सामुदायिक विपद व्यवस्थापन समितिहरुको क्षमता विकास गरिनेछ ।

अन्त्यमा,

हेलम्बु गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा अन्तर्गतका सम्पूर्ण अन्य कार्यालयबाट हुने सम्पूर्ण सेवा तथा सुविधालाई छिटो–छरितो रुपमा सम्पन्न गर्नका लागि हामी सदैव तत्पर रहेको प्रतिबद्धताका साथ माथि उल्लेखित केही ठूला विकासको योजनाहरु तथा उल्लेख गर्न छुटेका विकासको शिर्षकहरुलाई सम्बन्धित क्षेत्रगत निकायहरुमा समावेश गरी हेलम्बु गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिका विकास गर्ने लक्ष्य अनुरुप हालसम्म प्राप्त भएका उपलब्धीहरुको संरक्षण तथा विकास गर्दै प्रस्तावित नयाँ आयोजना तथा कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित सबैलाई सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद/थुजिछे

मिति : २०८२ असार १० गते मंगलबार